## कालिगण्डकी गाउँपालिका

## गाउँकार्यपालिको कार्यालय

बिर्घा, स्याङ्जा

# आमा ,बालबालिका तथा किशोर किशोरीको पोषण सुधार आयोजना कार्यान्वयन कार्यविधि,२०८०

गाउँकार्यपालिकाबाट स्वीकृत मितिः

कालीगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिर्घा, स्याङ्जा
२०७३

# आमा ,बालबालिका तथा किशोर किशोरीको पोषण सुधार आयोजना कार्यान्वयन कार्यविधि,२०८०

<u>प्रस्तावनाः</u> प्रजनन उमेर समुहका महिला , ५ बर्षमुनिका बालबालिका र किशोर किशोरीहरुमा हुने सबै खालका कुपोषण घटाउन प्राथमिकता प्राप्त कार्यक्रमको रुपमा आमा ,बालबालिका तथा किशोर किशोरीको पोषण सुधार आयोजना कार्यक्रम कार्यन्वयन गर्न , स्वास्थ्य ,कृषि तथा पशुपंक्षी बिकास , खानेपानी तथा सरसफाइ , शिक्षा , महिला तथा बालबालिका र शासकीय प्रवन्ध जस्ता बिषयगत क्षेत्रमा कार्यक्रम संचालन गरी कुपोषणको न्यूनिकरणको लागि पोषण कृयाकलापलाइ अपनत्व लिइ थप लगानी गरी प्रभावकारी रुपमा कार्यान्वय गर्न लक्षित उमेर , परिवार, समुदायमा पोषण लक्षित कार्यक्रमको समुह छनोट, कार्यान्वयन , बजेट खर्च प्रतिवेदन तथा अन्य व्यवस्थापन गर्न वाञ्छनिय भएकोले, स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी कालिगण्डकी गाउँपालिका गाउँकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

परिच्छेद-१

<u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम " **आमा ,बालबालिका तथा किशोर किशोरीको पोषण सुधार आयोजना कार्यान्वयन कार्यविधि,२०८०** रहेको छ ।

(२) यो कार्यविधि कालिगण्डकी गाउँकार्यपालिकाबाट स्वीकृत भए पश्चात प्रारम्भ हुनेछ ।

परिच्छेद -२

१. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यक्रम" भन्नाले पोषण कार्यक्रम सम्झनु पर्छ।

(ख) अध्यक्ष भन्नाले कालिगण्डकी गाउपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(ग) उपाध्यक्ष भन्नाले कालिगण्डकी गाउँपालिका उपाध्यक्ष सम्झनु पर्दछ ।

(घ) प्रमुख भन्नाले प्रमुख प्रशासकीय अधिकृतलाइ सम्झनु पर्दछ ।

खिम बहादुर थापा
गा. पा. अध्यक्ष

(ङ) स्वास्थ्य संयोजक भन्नाले कालिगण्डकी गाउँपालिका स्वास्थ्य संयोजकलाइ सम्झनु पर्दछ ।

(च) पोषण भन्नाले शरिरको आवश्यकतानुसार प्रयास खाना , आहार लाइ सम्झनु पर्दछ ।

(छ) कुपोषण भन्नाले पोषकतत्वको न्यूनता वा अधिकताबाट शरिरमा देखिने असामान्य अवस्थालाइ सम्झनु पर्दछ ।

(ज) पुडकोपन भन्नाले बालबालिकाको उमेर अनुसार हुनुपर्ने न्यूनतम उचाइलाइ सम्झनु पर्दछ ।

(झ) ख्याउटेपन भन्नाले उचाइ अनुसार तौल नभएकोलाइ सम्झनु पर्दछ ।

(ञ) सुनौलो हजार दिन भन्नाले महिला गर्भवती भएको दिन देखिबच्चा २ बर्षको नभए सम्मको १००० दिनलाइ सम्झनु पर्दछ ।

(ट) स्थानिय खाद्य सुरक्षा समिति भन्नाले गाउँपालिकामा पोषण तथा खाद्य सुरक्षा सम्वन्धि कार्यक्रमको तर्जुमा तथा खाद्य सुरक्षा सम्वन्धि नीति एवं कार्यक्रम तर्जुमा गर्ने समितिलाइ सम्झनु पर्दछ ।

(ठ) पोषण मैत्री स्थानिय शासन भन्नाले सबै प्रकारको शारिरिक ,बौदिक, संवेगात्मक तथा सामाजिक बिकासका लागि आवश्यक पर्ने सबै प्रकारका पोषक तत्वहरुलाइ सम्झनु पर्दछ ।

परिच्छेद-३

२. <u>कार्यविधिको उद्देश्यः</u> यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छः-

(क) यस कालिगण्डकी गाउँपालिकामा बसोबास गरेका स्थानिय व्यक्तिहरुको स्थितिमा सुधार ल्याइ आर्थिक तथा सामाजिक बिकासमा उनिहरुको स्थितिमा सुधार ल्याउने,

(ख) कालिगण्डकी गाउँपालिकामा बसोबास गरेका नागरिहरुको खानपानको असल व्यवहारको अभ्यास भइ खापानबाट श्रृजना हुने बिभिन्न रोगहरुमा कमी ल्याउने र कुपोषण मुक्त गाउँपालिका बनाउने

(ग) स्वास्थ्यकर्मी तथा महिला स्वयंम सेविकाहरुले लक्षित उमेर समुहका व्यक्तिहरुलाइ जुकाको औषधी तथा वहुसुक्ष्म पोषाक तत्व भए पाउडर बाल भिटा उपलव्ध गराउने ,

(घ) स्थनपानको महत्वबारे स्थानिय जनसमुदायमा चेतना अभिवृद्धि गराउने

(ङ) आयोडिनको कमिबाट जनमानसमा आइपर्ने स्वास्थ्य सम्वन्धि समस्याको बारेमा सचेतना गराउने

(च) बिद्यालयका बालबालिका , शिक्षक र समुदायलाइ स्वास्थ्य प्रति जागरुक बनाउने र उनिहरुमा चेतना अभिवृद्धि गराउने

(छ) बिद्यालयमा अध्यनरत बिद्यार्थिहरुको स्वास्थ्य पोषण स्थितिमा सुधारा लागि बिद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमको प्रभावकारीता बढाउने

(ज) बृद्धि अनुगमन तथा प्रवर्द्धन कार्यक्रमको कभरेज र प्रभावकारीता वृद्धि गर्ने

(झ) पालिका भित्रका स्वास्थ्य संस्थाहरुमा , अस्पतालमा पोषण कर्नर स्थापना गराइ परामर्श दिने

(ञ) स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयं सेविकाहरुलाइ पोषण सम्वन्धि बिषयहरुमा ज्ञान सिप अभिवृद्धि गरी पोषण कार्यक्रम प्रभावकारी बनाउने

(ट) बालबालिकाको कडा शिघ्र कुपोषणको उपचार तथा व्यवस्थापन, हेरचाहा गर्ने अभिभावकहरुलाइ पोषण सम्वन्धि ज्ञान र शिघ्र कुपोषित बालकालिकाहरुलाइ भर्ना गरी २४ सै घण्टा स्वास्थ्यकर्मीहरुको निगरानिमा उपचार गराउने

(ठ) पोषण सम्वन्धि सामाग्री सेवा प्रदायक निकायमा सहज र समयै उपलव्ध गराउने

(ड) स्वास्थ्य संस्थाहरुलाइ पोषण मैत्रि घोषण गर्न तथा त्यसको स्थायित्वका लागि व्यवस्था गर्न

परिच्छेद -४

खिम बहादुर थापा
गा. पा. अध्यक्ष

कालीगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिर्घा, स्याङजा

३. **पोषण कार्यक्रम संचालन (१) :** कालिगण्डकी गाउँपालिका भित्र रहेका लक्षित समुहका बस्ति तथा वडास्तरमा सुनौला हजार दिनका घरपरिवार र किशोर किशोरी केन्द्रित भइ कार्य गरिने छ ।

(२) स्वास्थ्य आमा समुहलाइ सुदृढिकरण गर्दै सुनौला हजार दिना आमा र वच्चाहरुको पोषण स्थितिमा सुधार गरी पोषणका लागि साठि सम्पर्क भेट र दश मुख्य व्यवहारमा पहुचँ पुराइने छ ।

(३) खुल्ला दिशामुक्त अवस्थाको दिगोपनलाइ कायम गर्दै सरसफाइ र स्वच्छता सम्बन्धि असल बानी व्यवहारको बिकास गरिने छ ।

(४) पालिका स्तरिय र वडा स्तरिय पोषण तथा खाद्य सुरक्षा समिति गठन गरी स्वास्थ्य कृषि खानेपानी सरसफाइ सम्वन्धि कार्यलाइ प्रभावकारी वनाइन खानेपानि सुद्धिकरण व्यवस्था मिलाइनेछ ।

(५) पालिका भित्रका बालक्वल किशोर किशोरी बिद्यालयका शिक्षक छात्र छात्राहरुलाइ पोषणको महत्व र महिनावारीका चरणहरुलाइ जानकारी गराइ एक घर एक करेसावारीको अवधारण लागु गरिने छ ।

(६) सिघ्र कुपोषण भएका बालबालिकाहरुका लागि निःशुल्क उपचारको व्यवस्था गरिने छ ।

(७) स्वास्थ्य संस्थाहरुमा पोषण कर्नरको व्यवस्था गरि महिला स्वंय सेविकाहरुलाइ पोषण सम्वन्धि ज्ञानको अभिवृद्धि गरिने छ ।

(८) गर्भवती तथा सुत्केरी आमाहरुका लाइ पोषिलो खानेकुरा को व्यवस्था गरी छ महिना माथिका वालबालिकाहरुका लागि सर्वोतम पिठो ,रक्तअल्पतालाइ निराकरण,पोषण सम्बन्धि सचेतनामुलक सामाग्रीहरुको व्यवस्थापन गरिने छ ।

(९) बिषयगत शाखा , स्वास्थ्यकर्मी , खाद्य सुरक्षा समितिमा रहेका पदाधिकारीहरुलाइ पोषण सम्वन्धि नमुना पालिका वा अन्तर प्रदेश भ्रमणको व्यवस्था मिलाइने छ ।

(१०) सुनौला हजार दिनका घरपरिवारका सदस्यहरु, सासु बुहारी, श्रीमान श्रीमती धामि झाक्री बिच अन्तरकृया गरिने छ ।

(११) उल्लेखित कार्यक्रम संचालन गर्नका लागि अनुसुचि १ बमोजिमका कृयाकलापहरु संचालन गरिने छ ।

खिम बहादुर थापा
गा. पा. अध्यक्ष

कालीगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिर्घा, स्याङ्जा
२०७३

परिच्छेद ५

४ **पालिका स्तरिय खाद्य सुरक्षा समिति**(१) : कार्यक्रमलाइ थप प्रभावकारी बनाउनका लागि देहाय बमोजिमको पालिका स्तरिय खाद्य सुरक्षा समिति गठन गरिने छ ।

| | |
|---|---|
| गाउँपालिका प्रमुख | संयोजक |
| गाउँपालिका उपाध्यक्ष | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| सामाजिक बिकास समिति संयोजक | सदस्य |
| सबै वडाका वडाध्यक्षहरु | सदस्य |
| अध्यक्षबाट मनोनित गाउँ सभासदस्य मध्येबाट एक दलित एक महिला सदस्य सहित तिन जना | सदस्य |
| कृषि शाखा प्रमुख | सदस्य |
| शिक्षा शाखा प्रमुख | सदस्य |
| महिला बिकास शाखा प्रमुख | सदस्य |
| खानेपानी शाखा प्रमुख | सदस्य |
| पशुशाखा प्रमुख | सदस्य |
| पोषण सहजकर्ता | सदस्य |
| अध्यक्षबाट मनोनित सामुदायिक बिद्यालयका प्र.अ. मध्ये एक | सदस्य |
| स्वास्थ्य संयोजक | सदस्य सचिव |

(२) स्थानिय तहको पोषण तथा खाद्य सुरक्षा समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

- संघिय र प्रदेश तहका नीतिहरुसंग अनुकुल हुने गरी स्थानिय पोषण नीति तर्जुमा गर्ने
- पोषणमैत्री स्थानिय शासनका लागि आवश्यक स्रोतको व्यवस्था गर्ने
- दीर्घकालिन आवधिक तथा बार्षिक कार्यक्रममा पोषणमैत्री स्थानीय शासन सम्बन्धि कार्यक्रमहरु समावेश गर्ने
- पोषणमैत्री स्थानीय शासनका लाग वडा तथा गाउँवस्ती पहिचान गर्ने र सोही अनुसारका कृयाकलापहरु संचालन गर्ने

खिम बहादुर थापा
गा. पा. अध्यक्ष

- पोषणमैत्री स्थानीय शासनका लागि आवश्यकता अनुसार तोकिएका सूचकहरुलाइ स्थानीयकरण गर्ने
- पोषणमैत्री स्थानीय शासन कार्यान्वयनको लागि क्षेत्रगत कृयाकलापहरुको कार्यान्वयनमा समन्वय गर्ने र सम्वन्धित शाखा इकाइलाइ आवश्यक निर्देशन दिने
- स्थानिय गैर सरकारी संस्थाहरुलाइ पोषणमैत्री स्थानिय तहका लागि तयार गरिने एकिकृत योजनामा लगानि गर्ने निर्दशन दिने
- पोषणमैत्री स्थानिय शासन सम्वन्धि कार्यको अनुगमन प्रगतिको समिक्षा र उपलब्धिको मूल्यांकन गर्ने
- पोषणमैत्री वडा घोषणको स्वीकृतीको लागि कार्यपालिकालाइ सिफारिश गर्ने

(३) गाउँपालिका स्तरिय खाद्य सुरक्षा समितिको बैठक आवश्यकतानुसार बस्नेछ । तर समितिलाइ आवश्यक लागेमा पोषण बिज्ञ वा दक्ष जनशक्तिलाइ समितिमा आमन्त्रण गर्ने सक्नेछ ।

**(४) वडास्तरिय खाद्य सुरक्षा समिति :** वडा स्तरिय देहाय बमोजिमको खाद्य सुरक्षा समिति गठन गरिने छ ।

| | |
|---|---|
| सम्वन्धित वार्डको वडाध्यक्ष | संयोजक |
| वडा सदस्यहरु सबै | सदस्य |
| वडाध्यक्षबाट मनोनित सामुदायिक बिद्यालयका एक महिला सहित दुइजना शिक्षक | सदस्य |
| सम्वन्धित वार्डको वार्ड सचिव | सदस्य सचिव |

(५) खाद्य सुरक्षा र वडा समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ ।

क गाउँपालिका भित्र भोकमारी वा भोकमरीको जोखिममा रहका व्यक्ति, परिवार, समुदाय र क्षेत्रको पहिचान गरी अभिलेख व्यवस्थापन गर्ने

ख खाद्यन्नको संचिति र बितरण व्यवस्था मिलाउने ।

ग गाउँपालिका भित्र खाद्य असुरक्षाको जोखिममा रहेका लक्षित घर परिवारको एकिकृत अभिलेख राख्ने ।

खिम बहादुर थापा
गा. पा. अध्यक्ष

५ अनुगमन समिति (१) देहाय बमोजिमको अनुगमन समिति रहने छ ।

| | |
|---|---|
| गाउँपालिका उपाध्याक्ष | संयोजक |
| सम्वन्धित वार्डको वडाध्यक्ष | सदस्य |
| स्वास्थ्य संयोजक | सदस्य सचिव |

(२) अनुगमन समितिले अनुगमन प्रतिवेदन खाद्य सुरक्षा समिति समक्ष पेश गर्ने छ । तर आवश्यकतानुसार समितिले अनुगमनका लागि खाद्य सुरक्षा समिति, बिषय बिज्ञ, सहितलाइ बोलाउन सक्नेछ ।

६ <u>बाधा अड्काउ फुकाउन सक्ने:</u> यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परत्यस्तो बाधा अड्काउ परेमा कालिगण्डकी गाउँपालिका गाउँकार्यपालिकाले फुकाउन सक्नेछ ।

७ <u>व्याख्या तथा संशोधन:</u> आवश्यकताका आधारमा कालिगण्डकी गाउँकार्यपालिकाले यस कार्यविधिको व्याख्या र संशोधन गर्न सक्नेछ।

८ <u>यसै बमोजिम भए गरेको मानिने:</u> यो कार्यविधि स्वीकृत हुनु पूर्व भए गरेका क्रियाकलापहरु यसै कार्यविधि अनुरुप भए गरेको मनिनेछ ।

खिम बहादुर थापा
गा. पा. अध्यक्ष

अनुसुची १

दफा (३) को उपदफा (११) संग सम्बन्धित

| क.स | क्रियाकलापको नाम | क्रियाकलापको संख्या | महिना/दिन | दर (रु) | कूल बजेट रकम रू | कैफियत |
|---|---|---|---|---|---|---|
| क. क्रियाकलाप तथा बजेट रु.एक करोड पोषणमैत्री गा पा कार्यक्रम विशेष अनुदान | | | | | | |
| १ | स्थानीय तह (पालिका, स्वास्थ्य संस्था र विद्यालय) मा पोषण कर्नरको स्थापना तथा पोषण कर्नरको लागि आवश्यक सामाग्री खरिद गर्ने । | ४ | | २५००० | १००००० | प्रति कर्नर |
| २ | गर्भवती, सुत्केरी आमा र मध्यम खालको कुपोषण MAM Case लाई पोषणयुक्त खाना (अण्डा) वितरण कार्यक्रम। | १२५ | ७ | | ६००००० | जना |
| ३ | ६ महिना देखि २४ महिनासम्मका बालबालिकाहरुलाई सर्वोत्तम पिठो वितरण कार्यक्रम। | ३८० | ७ | | ७००००० | |
| ४ | २ वर्षमुनिका बालबालिका र किशोरीहरुको MUAC द्वारा पोषणको लेखाजोखा गर्ने र किशोरीहरुको रक्तअल्पता पत्ता लगाई त्यसको व्यवस्थापन गर्ने कार्यक्रम ।(Aneamia test गर्न machine खरिद र स्वास्थ्यकर्मीहरुलाई यातायात खर्च | ७ वडामा | १ पटक | | २००००० | |
| ५ | स्वस्थ वच्चा प्रतिस्पर्धा साथै २४ पटक वृद्वि अनुगमन गरेका बालबालिकाहरुलाई प्रोत्सान सहित प्रमाण पत्र प्रदान कार्यक्रम। | १ | १ | | १००००० | |

खिम बहादुर थापा
गा. पा. अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | पालिका तथा वडा स्तरिय पोषण तथा खाध्य सुरक्षा निर्देशक समिति र वडा स्तरिय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समितीका पदाधिकारी , राजनितिक दल तथा सरोकालवालाहरुलाई पोषण उन्मुख नमुना बस्तीको अवधारणा तथा बहुक्षेत्रीय पोषण योजना सम्बन्धमा अभिमुखिकरण र कार्ययोजना निर्माण | ७ वडा र पालिका | 1 दिन | | २६०००० | |
| ७ | हजार दिनका महिलाहरुलाई पोषण सुधार का लागि सितलचिनीको विरुवा, तरकारीबाली र कुरीलो नर्सरी, बेर्ना वितरणसँगै एक घर एक करेसाबारी अनिवार्यरुपमा स्थापना तथा स्थलगत तालिम संचालन कार्यक्रम। | ७ वडामा | | | १०००००० | कृषि शाखाबाट सम्पादित हुने |
| ८ | पोषण सम्बन्धी विभिन्न सन्देश मुलक फ्यलक्स प्रिन्ट जस्तै वृद्धि अनुगमनको चार्ट, असल ब्यबहार, स्तानपान, थप खाना, गर्भवतीको प्रोटोकल आदि प्रिन्ट गर्ने । | ७ वडामा | | | २००००० | |
| ९ | विद्यालयका शिक्षक, विद्यार्थी र अभिभावक बिच पोषण मैत्री विद्यालय बनाउने तथा जंक फुड न्युनीकरणका लागि टिफिन बक्स वितरण साथै पोषण सम्बन्धी अन्तरकृया कार्यक्रम (पालिका स्तरिय र विद्यालयहरुमा गरिने खाजा र स्टेश्नरी प्रशिक्षक खर्च) | १३ वि. र पालिका | 13 पटक | ३०००० | ६००००० | शिक्षा शाखाको समन्वयमा |
| १० | ओ टि सी स्थापना भएको स्वास्थ्य संस्थाहरुमा सुद्दिढिकरण तथा अभिमुखिकरण (विर्घा स्वास्थ्य चौकी र श्रीकृष्णगण्डकी स्वास्थ्य चौकी) मा । | २ वटा | १ पटक | २५००० | ५०००० | |
| ११ | सामुदायिक महिला स्वास्थ्य संयम सेवीकाहरुलाई पोषण सम्बन्धी सचेतना तथा अभिमुखिकरण (४ वटा स्वास्थ्य संस्था) मा । | ३६ | ४ संस्थामा | २५००० | १००००० | |

खिम बहादुर थापा
गा. पा. अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२ | सुनौला हजार दिनका घरपरिवारका सदस्यहरु जस्तै सासु वुहारी, श्रीमान श्रीमती र झाक्री बीच सात वटै वडामा पोषण व्यवहार सम्बन्धी सचेतना (सहभागीलाई २०० को दर यातायात र प्रशिक्षक खर्च) कार्यक्रम संचालन गर्ने। | ७ वडामा | १ दिन | ३५००० | २५०००० | |
| १३ | पोषण मैत्री स्वास्थ्य संस्था पोषण मैत्री वडा घोषणा हुदैं पालिका घोषणा कार्यक्रम । | | | | १००००० | |
| १४ | सार्वजनिक ठाउँमा पोषण सम्बन्धी डिजिटल होडिङ्ग वोड राखे र विधालयमा पोषण सम्बन्धि सन्देशमुलक भित्ते लेखन तथा स्थानिय रेडियो/टि.भि/सामाजिक संजालमा पोषण सेम्बन्धी समाचार प्रसारण | | | | ७००००० | |
| १५ | सुनौले हजार दिनका महिलाहरुलाई पोषलो झोला तथा सरसफाई किट्ट बक्स वितरण तथा पोषण शिक्षा कार्यक्रम । | | १ पटक | | ५००००० | |
| १६ | पोषणमैत्री स्थानीय शासन सम्बन्धी सूचकहरुलाई स्थानीयकरण गरी प्रत्येक विषयगत शाखा मार्फत तथ्याङ अध्यावधीक गरी गाउँपालिका पोषणको स्थितिपत्र तयार गर्ने । | | | | २००००० | |
| १७ | सवै स्वास्थ्य संस्थाहरुको लागि Seca Scale, Salter Scale baby, baby Scale, Normal Weighting खरिद । | ८ वटै संस्था | | | १००००० | |
| १८ | कुपोषित (SAM/MAM) भएका बच्चाहरुमा क्षयरोग स्कृनिङको लागि यातायात खर्च । | | | | २०००० | |
| १९ | पालिका, स्वास्थ्य संस्था, विद्यालयहरु र वडा कार्यालयहरुमा स्तनपानकक्ष निर्माण र सामाग्री खरिद । | | | | ३००००० | |

कालीगण्डकी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय दिघां, स्याङ्जा २०७३

खिम बहादुर थापा
गा. पा. अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २० | स्वास्थ्य संस्था, विद्यालयहरुमा पानी शुद्धिकरणको लागि Aquaguard \ Filter वितरण गरिनेछ । | | | | ७००००० | |
| २१ | खाने पानीको मुहान सहित पानी गुणस्तर जाँच गर्ने | | | | १००००० | |
| २२ | Zero Home delivery को उद्देश्यले प्रसूति सेवाको लागि निः शुल्क एम्बुलेन्सको ब्यवस्था गर्ने। | | | | १५०००० | |
| २३ | पोषण सम्बन्धी वृत्त चित्र बनाउने । | १ | पटक | | ५००००० | |
| २४ | बहुक्षेत्रीय पोषण कार्यक्रम र पोषणमैत्री गा पा कार्यक्रम को अनुगमन, समिक्षा, प्रतिवेदन | १ | पटक | | १००००० | अर्धबार्षिक |
| २५ | पोषणमैत्री स्वास्थ्य संस्था सुद्रढिकरण तथा अभिमुखिकरण कार्यक्रम गरिनेछ। | १ | वटा | | ३०००० | |
| २६ | माध्यामिक विद्यालयहरुमा वालविवाह कुपोषण र सामाजिक कुप्रथा सम्बन्धी नाटक तथा अभियान कार्यक्रम संचालन गरिनेछ। | | | | १००००० | |
| २७ | बाल पोषण भत्ताको प्रभावकारीता सम्बन्धमा अभिभावकहरु र सरोकारवालालाई बाल पोषण भत्ताको उपयोग सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन गर्ने। | ७ | वडा | ३०००० | २१०००० | |
| २८ | PNC Visit को लागि आवश्यक सामाग्री खरिद गर्ने । | | | | २००००० | |
| २९ | पोषणमैत्री स्थानीय शासन अवलम्वन भएका स्थानीय तहमा अन्तर तह अनुभव आदान प्रदान सिकाइ तथा अन्तरक्रिया कार्यक्रम | | | | २००००० | |

खिम बहादुर थापा
गा.स. अध्यक्ष

कालीगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिर्घा, स्याङ्जा
२०७३

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३० | स्वास्थ्य आमा समुहको बैठकमा स्वास्थ्य पोषण घरायसी खाधान्न उत्पादन र उपभोग पूर्ण सरसफाई र वृद्धि अनुगमन सम्बन्धी छलफल लाई निरन्तरता दिने (सहभागीलाई खाजा र स्वास्थ्यकर्मीलाई यातायात खर्च) गर्ने । | | | | २००००० | |
| ३१ | गर्भवतीको लागि क्याल्सियम खरिद गर्ने । | | | | ४००००० | |
| ३२ | पलाष्टिक टनेल बनाउने र विरुवा तथा नर्सरी तयार गर्ने। | | | | १०००००० | |
| ३३ | विविध | | | | ३०००० | |
| | जम्मा | | | | १००००००० | |

कालीगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दिर्घा, स्याङ्जा
२०७३

खिम बहादुर थापा
गा. पा. अध्यक्ष